नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्याः- ०७८/७९
चलानी नम्बरः-

मितिः- २०७८/१०/१६

## मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी थप आदेश

जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मिति २०७८-१०-०३ गते प्रमुख जिल्ला अधिकारीद्वारा आदेश जारी गरिएकोमा सो आदेशको बुँदा नं. ४ र ५ मा देहाय बमोजिम संशोधन गरी संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम यो थप आदेश जारी गरिएको छ । यो आदेशको बर्खिला भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**देहायः-**

१. सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, पिकनिक स्थल, खेलमैदान, फुटसल, पटके हाटबजार र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल माघ मसान्तसम्म सञ्चालन नगर्ने ।

२. विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप संवत् २०७८ साल माघ मसान्तसम्म (खोप कार्यक्रम सञ्चालन गर्दा बाहेक) भौतिक रूपमा उपस्थितिमा सञ्चालन नगर्ने । त्यस्ता शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरू अपनाई सञ्चालन गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी